जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २२६ २०७८ साल चैत २६ गते शनिबार (9 Apr. 2022 Saturday) मूल्य रु. ५/-

**आगलागीबाट सावधानी अपनाऔं ।**

**निम्न कारणले आगलागी हुनसक्छन्,**
आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
प्रज्वलनशील बस्तुको उचित प्रयोग नगर्दा,
हुरी बतास चल्दा,
प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।
**त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचन आचारसंहिता... ३ पृष्ठमा : राजबिराज नगरपालिका ... ३ पृष्ठमा : कङ्गोमा भएको विस्फोटमा छ...

## एक लाख ८० हजार भन्दा बढी बालबालिकालाई टाईफाइड बिरुद्ध खोप लगाइदै



**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

मधेश प्रदेशका समाजिक विकास मन्त्रि नवलकिशोर साहले शुक्रबार राजविराजमा टाईफाईड बिरुद्धको खोप अभियानको शुभारम्भ गरेका छन् ।

राजविराजस्थित केशोवत्ती अनिरुद्ध माध्यमिक विद्यालयमा आयोजित खोप कार्यक्रममा मन्त्री साहले खोप अभियान लेखिएको ब्यानर पढेर अभियानको शुभारम्भ गरेका हुन् ।

सो अवसरमा मन्त्री साहले टाईफाइड रोग नियन्त्रणका लागी थालिएको अभियानमा सघाउन सबैसंग आग्रह गरे । उनले यस कार्यमा संचारकर्मी देखी आम सचेत नागरिक र संघ संस्था सबैले सहयोग गर्नू पर्नेमा जोड दिए ।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जिल्लामा दुई चरणमा संचालित हुने अभियान अन्तर्गत १ लाख ८० हजार १ सय ४७ जना बालबालिकालाई खोप दिईने लक्ष्य राखिएको जानकारी दिए ।

यसका लागी जिल्लाका १८ वटै स्थानीय तहमा तालिम प्राप्त १८ जना स्वास्थ्य शाखा प्रमुख, १ सय ५९ जना स्वास्थ्य संस्था प्रमुख, २ सय ९१ जना खोपकर्मी,१ हजार ७८ जना स्वयसेविका र १ हजार १ सय २५ जना शिक्षीका स्वयसेवीका गरी कुल २ हजार ६ सय ७१ जनशक्ती परिचालन हुने उनको भनाई छ ।

शुक्रवारै जिल्ला स्वास्थ्य कार्यालयले अभियानको विषयमा संचारकर्मीहरुसंग अभिमुखी कार्यक्रम गरेको छ । उक्त कार्यक्रममा स्वास्थ्य कार्यालयका प्रमुख यादवले टाईफाईड खोप निशुल्क, सुरक्षित र प्रभावकारी रहेको बताउँदै जिल्ला भरका १५ महिना देखी १५ वर्ष सम्मका बालबालिकालाई दिईने खोप अभियानको व्यवस्थित प्रभावकारी संचालन र आमजनमानसमा आश्वस्तका लागी सहजीकरणको भुमिकामा सहयोग गरी दिन संचारकर्मीहरु संग आग्रह गरेका छन् ।

अभियानबाट कोही पनि बालबालिका नछुटुन भन्ने उद्देश्यले विद्यालय र स्वास्थ्य संस्थाको खोप केन्द्र गरी जिल्लामा १ हजार १ सय २५ खोप केन्द्र तोकिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

## डा. यादव हत्या घटनाको उच्चस्तरीय छानविनको माग

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

सप्तरी निवासी डा. विजय यादवको विराटनगरमा भएको हत्या घटनाको उच्चस्तरीय छानविनको माग गरिएको छ ।

शुक्रवार राजविराज उच्च अदालत बार एशोसिएसन समबद्ध मानव अधिकार समितिले उक्त घटनाको उच्चस्तरीय छानविनको माग गरेको हो ।

समितिका संयोजक हरेराम यादवले एक प्रेस विज्ञप्ति जारी उक्त घटनालाई मानवता विरोधी तथा जघन्य अपराधको संज्ञा दिदै घटनाको उच्चस्तरीय छानविन तथा हत्यारा पता लगाई कानून बमोजिम कडा कारवाई हुनु पर्ने माग गरेका छन् ।

विज्ञप्ति मार्फत डा. यादवको नियोजित ढंगले हत्या गरिएको दावी सहित मेडिकल माफियाको संलग्नता, अस्पताल प्रशासनको आन्तरिक विवाद लगायतका विषयमा पनि गहन छानविन तथा मृतक परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्ने माग गरिएको छ ।

विराटनगरस्थित नोवेल अस्पतालमा विगत ४ वर्षदेखि कार्यरत सप्तरीको विष्णुपुर गाउँपालिका १ निवासी ३० वर्षिय डा. यादवको चैत्र १८ गते हत्या भएको थियो । हत्या गरि फ्यालिएको अवस्थामा उनको मृत शरिर प्रहरीले नोबेल अस्पताल छेउमै रहेको डेरा परिसरबाट फेला पारेको थियो ।

## नेकपा एमालेबाट निर्वाचित वडा अध्यक्षले गरे पार्टी परित्याग



पार्टी परित्याग गरेका जिवनारायण साह र वडा अध्यक्ष हेमनारायण साह

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

नेकपा एमालेबाट निर्वाचित सप्तरीको राजगढ गाँउपालिका वडा नं. ४ का वडा अध्यक्षले पार्टी परित्याग गरेका छन् ।

उनीसँगै केही अगुवा नेता कार्यकर्ता जिवनारायण साहसमेतले सो पार्टी परित्याग गरेका छन् ।

यसरी पार्टी परित्याग गर्नेमा

***बाँकी दुई पृष्ठमा***

## प्रदेश सरकारको सहयोगमा पत्रकार महासंघलाई थप संरचनाका लागि २५ लाख



**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

मधेश प्रदेश सरकारको आर्थिक सहयोगमा नेपाल पत्रकार महासंघ सप्तरीको थप नयाँ संरचना निर्माण हुने भएको छ ।

मधेश प्रदेश सरकारले महासंघको भवन निर्माणका लागि अर्थ मन्त्रालय मार्फत २५ लाख रुपैया सहयोग उपलब्ध गराएपछि नयाँ संरचना निर्माण हुन लागेको हो ।

नयाँ बन्ने भवनको शुक्रवार मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले शिलान्यास समेत गरेका छन् । आवश्यक भवनको अभावमा कठिनाई भइरहेको बेला मन्त्री साहको पहलमा सो सहयोग प्राप्त भएको महासंघ शाखाका सभापति श्रवण देवले बताए ।

पत्रकार महासंघ सप्तरीका सदस्य समेत रहेका मन्त्री साहले पत्रकारिता क्षेत्रको विकासका लागि बजेट उपलब्ध गराएको भन्दै भवन निर्माण कार्यमा बजेटको अभाव हुन नदिने जिकिर समेत गरे । उनले भविष्यमा महासंघलाई थप बजेट समेत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

## उदाउँदो सूर्यलाई अर्घ दिँदै छठ सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै चैतेछठ सम्पन्न भएको छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यो पर्व जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै धुमधामका साथ सम्पन्न भएको हो ।

सत्य, अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ । सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठका अवसरमा पोखरी, नदी, तलाऊ र जलाशयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ ।

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# निर्वाचन आचारसंहिता शुक्रबारैदेखि कार्यान्वयनमा

काठमाडौँ, २५ चैत (रासस)।

आगामी वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनका लागि सबै राजनीतिक दल र सरोकारवालाको सुझाव तथा परामर्शमा स्वीकृत गरिएको निर्वाचन आचारसंहिता, २०७८ शुक्रबारदेखि लागू भएको छ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयरहित बनाउन आचारसंहिता लागू गरिएको हो। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गरी नागरिकलाई मताधिकारको निर्वाध उपयोग गर्ने अवसर सिर्जना गर्न आह्वान गर्नुभयो।

आयोगद्वारा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले निर्वाचनलाई स्वच्छ र स्वतन्त्र तुल्याउन प्राप्त हुने सबै खाले सुझावलाई सकारात्मकरूपमा ग्रहण गर्ने बताउनुभयो। प्रमुख आयुक्त थपलियाले भन्नुभयो, "निर्वाचनमार्फत लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा योगदान पुर्‍याउनेतर्फ हाम्रा सबै प्रयास केन्द्रित गर्न आयोग हार्दिक आग्रह गर्दछ।"

निर्वाचन आचारसंहिताको पूर्ण पालनाविना विश्वसनीय निर्वाचन हुन सक्दैन भन्ने तथ्यलाई आत्मसात गरी खर्चिलो र भड्किलो बन्दै गएको निर्वाचन खर्चलाई नैतिकता र इमान्दारीको अभ्यास, स्वनियन्त्रण पद्धतिको अनुसरण र सामाजिक सचेतनाको प्रयासबाट निस्तेज गर्ने विषयमा साझा सङ्कल्प र इमान्दार प्रयत्न आवश्यक रहेको आयोगले जनाएको छ।

आयोगको विज्ञप्तिमा भनिएको छ, "निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनको सङ्कल्प पूरा गर्न सबैको सहयोग रहने कुरामा आयोग विश्वस्त छ।" निर्वाचन बालिग मताधिकारका आधारमा प्रतिनिधि छान्ने प्रक्रिया मात्र नभई जनतालाई सशक्त तुल्याउने लोकतन्त्रको मेरुदण्ड पनि हो। निर्वाचन जति खर्चिलो र भड्किलो बन्दै जान्छ त्यति नै आस्था, निष्ठा, विचार र सिद्धान्त पराजित बन्न सक्ने खतरा बढ्न थाल्छ भन्ने आम चासो र चिन्ता व्यापक बन्दै गएको आयोगले जनाएको छ।

विगतका निर्वाचनसम्बन्धी तथ्य र अनुभवका आधारमा निर्वाचन व्यवस्थापनमा सुधार गर्नुपर्ने विभिन्न क्षेत्रमध्ये आचारसंहिताको पालना र कार्यान्वयन एक महत्वपूर्ण क्षेत्र भएको आयोगले उल्लेख गरेको छ। निर्वाचन आचारसंहितालाई पालना गर्न निर्वाचन तथा मतगणनामा खटिने कर्मचारी, राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले निर्वाचनको कार्यमा खटिँदा अनुसूचीबमोजिमको प्रतिबद्धता पत्रमा दस्तखत गर्नुपर्ने नयाँ व्यवस्था गरिएको छ।

आचारसंहिताको प्रयोग कानूनभन्दा माथि हुने हुँदा राजनीतिक दल र उम्मेदवारलगायत अन्य सबै निर्वाचन सरोकारवालाले आचारसंहिताको पूर्णपालना गर्नेमा आयोग विश्वस्त रहेको प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो।

आचारसंहिताको उल्लङ्घन भएमा हुने कारबाहीका विषयमा उपलब्ध स्रोतसाधन र जनशक्तिको उपयुक्त सम्भावित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन र नियन्त्रण गर्न विज्ञ सम्मिलित कार्यदल क्रियाशील रहने सो अवसरमा जानकारी दिइयो।

# द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनका घटनाको छानबिन गर्न माग

काठमाडौँ, २५ चैत (रासस)।

द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनका घटनाको छानबिन तथा अनुसन्धान गर्नुपर्ने माग गरिएको छ। बिहीबार काठमाडौँमा सम्पन्न द्वन्द्वपीडितहरूको दुईदिने राष्ट्रिय सम्मेलनपछि २४ बुँदे घोषणापत्र जारी गर्दै गठन भएको सात वर्ष भइसक्दा पनि सम्बन्धित आयोगहरूले द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनको एउटै घटनाको समेत छानबिन अनुसन्धान पूरा गर्न नसकेको ठहर गरेको छ।

सम्मेलनले सङ्मणकालीन न्याय प्रक्रियामा पुनरावलोकन गरी आजसम्म प्राप्त अनुभव तथा सर्वोच्च अदालतबाट स्थापित सिद्धान्त एवं अन्तर्राष्ट्रिय मूल्य, मान्यता र मापदण्डसमेतका आधारमा समयसीमा र स्पष्ट कार्ययोजनासहितको सङ्क्रमणकालीन न्याय प्रक्रिया लागू गर्न अपिल गरेको छ। द्वन्द्वपीडितले मानवअधिकारका गम्भीर उल्लङ्घन तथा ज्यादतिमा क्षमादान, माफी र मेलमिलाप नहुने सुनिश्चततासहित पीडित समुदाय एवं सरोकारवालासँगको अर्थपूर्ण परामर्श, सर्वोच्च अदालतका फैसला तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन एवं सङ्क्रमणकालीन न्याय प्रक्रियालाई प्रभावकारी बनाउन आवश्यक अन्य नीति, नियम र कानुन निर्माण गर्नुपर्ने माग पनि गरेको छ।

"बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन गर्न सर्वोच्च अदालतबाट २०७० पुस १८ मा जारी आदेशबमोजिम विषयविज्ञ सम्मिलित ऐन संशोधन मस्यौदा कार्यदल गठन गर्न र गठित कार्यदलको प्रतिवेदनका आधारमा संशोधन गर्न अनुरोध गर्दछौँ", घोषणामा भनिएको छ। आयोगहरूको स्वतन्त्रता र प्रभावकारिताको लागि आयोगहरूलाई आवश्यक भौतिक साधन-स्रोत सरकारले उपलब्ध गराउने तर कर्मचारी तथा विज्ञ जनशक्ति आयोग आफैँले व्यवस्थापन गर्न सक्ने कानुनी व्यवस्था गर्नुपर्ने उहाँहरूको भनाइ छ।

आयोगको पुनर्गठन, पुनर्गठित आयोगहरूको कामकारबाही र सम्पूर्ण सङ्क्रमणकालीन न्याय प्रक्रिया पीडित केन्द्रित एवं पीडित तथा लैङ्गिकमैत्री हुने कुराको सुनिश्चतता लागि आवश्यक र उपयुक्त व्यवस्था गर्नसमेत अनुरोध गरिएको छ।

त्यसैगरी पीडित समुदायसँगको अर्थपूर्ण परामर्श र सहकार्यमा पीडित समुदायलाई शिक्षा, स्वास्थ्य, रोजगारी, पुनःस्थापना, क्षतिपूर्ति, जीविकोपार्जन, सामाजिक सुरक्षा, परिचयपत्र, सम्मान, संस्मरण, सांस्कृतिक, आर्थिक, मनोसामाजिक र कानुनी सहायताजस्ता विषयलाई सुनिश्चित गरी यससम्बन्धी अल्पकालीन (अन्तरिम राहत) एवं दीर्घकालीन (परिपूरण) कार्यक्रम तथा आवश्यक र उपयुक्त नीति, नियम एवं कानून निर्माण गर्न अनुरोध गरिएको छ।

*नेकपा एमालेबाट ...*

वडा न ४ का अध्यक्ष हेमनरायण साह रहेका छन्। गत निर्वाचनमा पार्टीलाई जित दिलाएपनि हाल पार्टीले केही व्यक्तिको निहित स्वार्थमा लागेकोले आफूले पार्टी परित्याग गरेको उनले बताए।

उनले भने, "नेकपा एमाले पार्टीमा शोसक र सामन्तवादको हालिमुहालि रहेकोले पार्टी छोडेको हुँ, केहिदिन स्वतन्त्र रुपमै रहन्छु"। आफ्नो सिद्धान्त मिल्ने दलमा लाग्ने उनको भनाई छ।

# आमाको नामबाट नागरिकता दिनुपर्दछ : मुख्यमन्त्री राउत

धनुषा, २५ चैत (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले राज्यले आमाको नामबाट नागरिकता नदिनु दुर्भाग्य भएको बताउनुभएको छ। यही देशमा जन्मिएका लाखौँ युवाको नागरिकताविहीन भई अनागरिक बनेर बस्नुपर्ने अवस्था मानवअधिकार संरक्षणको क्षेत्रमा ठूलो चुनौतीका रूपमा रहेको उहाँले बताउनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनकपुरधाममा आयोजना गरेको मानवअधिकारसम्बन्धी कार्ययोजना कार्यान्वयन विषयक छलफल कार्यक्रममा मुख्यमन्त्री राउतले २१औँ शताब्दीमा पनि आमाको नामबाट नागरिकता नदिई संवैधानिक हकबाट वञ्चित गराउनु दुर्भाग्य हो भन्नुभयो। मुख्यमन्त्री राउतले जन्मसिद्ध नागरिकताबाहेकका लाखौँ सन्तान अहिले नागरिकता नपाएर शिक्षा, स्वास्थ्य जस्ता सामान्य मानवअधिकारबाट वञ्चित हुनु राज्यको लागि ठूलो चुनौती रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "नागरिकताविना उनीहरुको सम्मानपूर्वक नेपाली नागरिक भएर बाँच्न पाउनुपर्ने अधिकार खोसिएको छ। गाँस, बास र कपासलगायत आधारभूत आवश्यकताबाट वञ्चित भएर जीवनयापन गर्न बाध्य भएका छन्। नागरिकताविना पढेलेखेका युवाहरु रोजगारीबाट वञ्चित हुनुपरेको छ। योभन्दा ठूलो चिन्ताको विषय अरु के हुन सक्छ ?"

मुख्यमन्त्री राउतले सबै नागरिकको भरणपोषणदेखि शिक्षा, स्वास्थ्यलगायत जिम्मेवारी राज्यले लिनुपर्ने बताउनुभयो। उहाँले यथाशीघ्र नागरिकता समस्या समाधान गर्नुपर्ने माग सङ्घीय सरकारसँग गर्नुभयो। मधेसी, दलित, मुस्लिम, महिलालगायका सीमान्तकृत समुदायको शिक्षा, स्वास्थ्य र आवास जस्ता आधारभूत आवश्यकताको ग्यारेन्टी नभएसम्म मानवअधिकारको संरक्षण सम्भव नरहेको उहाँले भन्नुभयो।


**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजबिराज नगरपालिका फाईनलमा



**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

बिराटनगर महानगरपालिकाको आयोजनामा बैजनाथपुर क्रिकेट रंगशालामा संचालित प्रथम मेयर कप क्रिकेट प्रतियोगिता अन्तर्गत राजबिराज नगरपालिका फाइनलमा प्रवेश गरेको छ।

शुक्रवार सम्पन्न पहिलो सेमिफाईनल अर्न्तगत राजबिराज नगरपालिकाले बिराटनगर महानगरपालिकालाई ४६ रनको फराकिलो अन्तरले पराजित गर्दै फाइनलमा आफ्नो स्थान पक्का गरेको छ।

राजबिराज नगरपालिकाले टसजिति पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ४ बिकेट गुमाई १ सय ३७ रनको योगफल तयार पारेका थिए। राजबिराजका लागि अमित यादव २७, रोहन बिक २०, बिवेक यादव १६, निरज यादव १२ रन तथा बिकास दास र किर्तिमानी खेलाडि महबुव आलमले नटआउट रहि क्रमश : २४ र ९ रनको योगदान दिएका थिए भने बलिंग तर्फ बिराटनगरका दिपेश कंडेलले २ तथा सिद्धान्त लोहनी र मुकुन्द यादवले सामान १ बिकेट लिएका थिए।

एक सय ३८ रनको लक्ष्य लिई मैदानमा ओर्लेको बिराटनगरका ब्याट्सिम्यान राजबिराजका बलर सामु निरिह हुदै १६ ओभर १ बलमै सम्पुर्ण बिकेट गुमाई ९१ रममै समेटिएको थियो। बिराटनगरलाई सस्तोमा समेटन राजबिराजका रोहित सिंहले घातक बलिंग गर्दै आफनो ४ ओभरको स्पेलमा २२ रन दिई महत्वपुर्ण ४ बिकेट लिएका थिए। उनलाई राहुल मण्डल, बिवेक यादव र महवुव आलमले सामान २ बिकेट लिई महत्वुर्ण साथ दिएका थिए। बिराटनगरका लागि मिनाश थापाले २८, मुकुन्द यादवले १४ तथा रेवति यादव र सिदान्त लोहनीले सामान १२ रनको योगदान दिएका थिए। खेलको म्यान अफ द म्याच राजबिराज नगरपालिकाका रोहित सिंह भएका थिए।

त्यसै गरि शुक्रवारै सम्पन्न अर्को सेमिफाईनल खेलमा जनकपुर उपमहानगरपालिकाले बिरगंज महानगरपालिकालाई रोमान्चक खेलमा ३ रनले पराजित गर्दै फाईनलमा आफ्नो स्थान पक्का गरेको छ। प्रतियोगिता अर्न्तगत शनिवार हुने फाईनलमा राजबिराज नगरपालिकाले जनकपुर उपमहानगरपालिकासंग प्रतिष्पर्धा गर्नेछ।

# शिक्षक संगठन सप्तरीको अध्यक्षमा बैधनाथ यादव

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

नेपाल राष्ट्रिय शिक्षक संगठन सप्तरीको राजविराजमा सम्पन्न १३ औं जिल्ला अधिवेशनले बैधनाथ यादवको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

समितिको उपाध्यक्षद्वयमा लक्षण कुमारी यादव र सुर्यनारायण चौधरी, सचिवमा जयराम मण्डल, सहसचिवमा प्रियंका कुमारी यादव तथा कोषाध्यक्षमा रासलाल साहलाई चयन गरेको छ।

सदस्यहरुमा देवकान्त चौधरी, कमला कुमारी घिमिरे, सिताकुमारी चौधरी, रामनारायण यादव, मनोज अधिकारी, दिनेश झा, रम्भा कुमारी चौधरी, निलम श्रेष्ठ, संजय चौधरी, नरसिंह यादव, गणेबहादुर थापा, उग्रकान्त चौधरी, सुनिता कुमारी साह, सरिता कुमारी साह, रामउदगार यादव, रामकृष्ण साह, अरुण कुमार चौधरी, रामनारायण यादव र मन्जु चौधरीलाई चयन गरेको जनाएको छ। यस्तै मौसम बंजारा, योगेन्द्र चापागाई, रामसेवक मण्डल, शिबनाथ चौधरी, मन्जु चौधरी, चन्देश्वर यादव, दिनेश राम, रामनारायण साह, शोभाकुमारी मण्डल, रामपृत साह, ललिता कुमारी यादव, अमृता सदा, धर्मदेव यादव, चन्द्र नारायण यादव र आशाकुमारी चौधरीलाई चयन गरेको जनाएको छ।

त्यस्तै केन्द्रीय प्रतिनिधिमा देवप्रसाद यादव, योगेन्द्र प्रसाद साह र माल्ती चौधरीलाई चयन गरेको छ।

# सशस्त्र प्रहरीद्वारा हतियारसहित तीन पक्राउ

वीरगञ्ज, २५ चैत (रासस)।

पर्साको बिन्दवासिनी गाउँपालिका-३ नहरचोकबाट बिहीबार सशस्त्र प्रहरीको टोलीले हतियारसहित तीन जनालाई पक्राउ गरेको छ। लडरेन्ज दुईनाले बन्दुक एक थान र सोको एक थान कार्टिजसहित उनीहरूलाई पक्राउ गरिएको पर्सा सशस्त्र प्रहरी प्रमुख एवं सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले जानकारी दिनुभयो।

पक्राउ पर्नेमा पर्साको पर्सागढी नगरपालिका-५ बस्ने ४१ वर्षीय प्रेम ठाकुर, सोही स्थानका १६ वर्षीय राहुल ठाकुर र सोही स्थानका ५५ वर्षीय रामजी ठाकुर रहेका छन्। सशस्त्र प्रहरी बल नेपाल नं १३ गणका अनुसार उक्त हतियार मोटरसाइकलमा लैजाँदै गरेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको थियो।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्टे्चर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - सडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**सावधानीपूर्वक सवारी चलाऔं, दुर्घटनाबाट आफु पनि बचौ र अरुलाई पनि बचाऔं।**


## डा. आदर्श कुमार सिंह
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

### कङ्गोमा भएको विस्फोटमा छ जनाको मृत्यु, १५ घाइते

किन्सासा, २५ चैत (रासस/सिन्ह्वा)।

कङ्गोको एक रेष्टुरेन्टमा भएको विस्फोटमा परी ज्यान गुमाउनेको सङ्ख्या ६ पुगेको छ। कङ्गोको उत्तरी किभु प्रान्तको एक रेष्टुरेन्टको बारमा सो विस्फोट भएको थियो। बिहीबार साँझ भएको सो विस्फोटमा परेर अरु १५ जना घाइते भएका छन्।

घाइतेमध्ये अधिकांशको अवस्था गम्भीर रहेको पनि बताइएको छ। सो विस्फोटका कारण रेष्टुरेन्टमा पनि ठूलो क्षति पुगेको छ। कङ्गोका सञ्चार तथा मिडियामन्त्री प्याट्रिक मुइयाले सो जानकारी दिनुभएको छ। उहाँले भन्नुभएको छ,"घाइतेहरुको अवस्था गम्भीर छ, विस्फोटका बारेमा हामीले अनुसन्धान गरिरहेका छौं।"

सो विस्फोट कसले र किन गराएको हो भन्ने बारेमा अहिले नै केही पत्ता नलागेको जानकारी पनि उहाँले दिनुभयो। मन्त्री मुइयाले शान्तपूर्वक बस्न नागरिकलाई आग्रह गर्नुभएको छ। यस विषयमा अनुसन्धान जारी रहेकाले अहिले नै सो विस्फोटबारे केही भन्न नसकिएको उहाँले बताउनभएको छ।

### राष्ट्रसङ्घको मानवअधिकार परिषद्बाट रुस निलम्बित

वासिङ्टन, २५ चैत (रासस/एएनआई)।

रुसलाई संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्बाट निलम्बन गरिएको छ। राष्ट्रसङ्घीय महासभामा मतदान हुँदा रुसका विरुद्धमा पर्याप्त मत परेकाले परिषद्बाट रुस निलम्बित भएको हो। रुसले युक्रेनमाथि आक्रमण गरेर मानवअधिकार उलङ्घन गरेकाले मानवअधिकार परिषद्मा बस्न रुसलाई दिन नहुने भन्दै रुसलाई निलम्बन गरिएको जनाइएको छ।

महासभामा भएको मतदानमा रुसलाई निलम्बन गर्नुपर्ने पक्षमा ९३ मत परेको थियो भने विपक्षमा २४ मत परेको थियो। त्यसैगरी ५८ देश मतदानमा सहभागी भएका थिएनन्। रुसलाई मानव अधिकार परिषद्बाट निलम्बित गरिएकोप्रति अमेरिकाका राष्ट्रपति जो बाइडेनले खुसी व्यक्त गर्नुभएको छ।

उहाँले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई एक्ल्याउनुपर्नेमा जोड दिनुभयो। "संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्मा रुसलाई रहन नदिएकोमा मलाई अत्यन्त खुसी लागेको छ, राष्ट्रसङ्घीय महासभामा रुसविरुद्ध मतदान गर्नेलाई धन्यवाद छ," राष्ट्रपति बाइडेनद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ। परिषद्बाट रुसलाई हटाउनु अन्तर्राष्ट्रिय रुपमा अर्थपूर्ण घटना भएको पनि उहाँले बताउनुभएको छ।

### युक्रेन सङ्कटका कारण खाद्यपदार्थको मूल्य अहिलेसम्मकै उच्च : एफएओ

पेरिस, २५ चैत (रासस/एएफपी)।

रुसले युक्रेनमा आक्रमण गरेपछि सुरु भएको युद्धका कारण विश्व बजारमा खाद्यपदार्थको मूल्य बढेर अहिलेसम्मकै सबैभन्दा धेरै भएको छ। संयुक्त राष्ट्रसङ्घ अन्तर्गतको खाद्य तथा कृषि सङ्गठनले शुक्रबार दिएको जानकारीअनुसार अन्न, तरकारी, जैविक तेललगायतका पदार्थको मूल्य अत्यधिक धेरै भएको हो। रुसले गत फेब्रुअरी २४ मा युक्रेनमाथी आक्रमण सुरु गरेको र अहिले पनि युद्ध भइरहेकोले मार्च महिनामा त्यसको असर अत्यन्त धेरै देखिएको राष्ट्रसङ्घीय अधिकारीले जनाएका छन्।

युद्धका कारण अन्तर्राष्ट्रिय क्षेत्रमै पेट्रोलियम पदार्थको मूल्यमा असर परेकाले त्यसको असर खाद्यपदार्थमा पनि परेको बताइएको छ। युद्ध नरोकिएमा यो क्रम निरन्तर बढ्दै जाने र सबैभन्दा बढी मर्का न्यूनआय भएका मानिसलाई पर्ने भन्दै राष्ट्रसङ्घले चिन्ता पनि व्यक्त गरेको छ। राष्ट्रसङ्घले तत्काल युद्ध अन्त्य गरी वार्तामार्फत विवाद समाधान गर्न दुवै पक्षलाई पटक-पटक आग्रह पनि गर्दै आएको छ।

### युक्रेनको रेल स्टेसनमा रकेट आक्रमण, कम्तीमा २० को मृत्यु

क्रमातोस्क, २५ चैत (रासस/एएफपी)।

युक्रेनको पूर्वी क्षेत्रमा रहेको रेल स्टेसनमा शुक्रबार रकेट आक्रमण भएको छ। आक्रमणमा परी कम्तीमा २० जनाको मृत्यु भएको प्रत्यक्षदर्शीले सञ्चारकर्मीलाई जानकारी दिएका छन्।

देशको पूर्वी क्षेत्रमा पर्ने क्रमातोस्का घटना भएको समाचारमा जनाइएको छ। "क्रमातोस्क रेल स्टेसनमा दुई रकेट आक्रमण भएको छ, धेरै मानिस घाइते भएका छन्, घटनाका बारेमा थप विवरण हामी सङ्कलन गर्दैछौं," रेल कम्पनीका प्रमुख अलेक्जेन्डर कामीशिनले सामाजिक सञ्जालहरुमा लेख्नुभएको छ।

# तीन स्थानिय तहमा सामाग्री हस्तान्तरण

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

सप्तरीका बाढी प्रभावित क्षेत्र छिन्नमस्ता, तिरहुत र महादेवा गाउपालिका गरि तिन स्थानिय तहलाई ९ लाख बराबरको सामग्री वितरण गरिएको छ ।

कोशी पीडित समाज सप्तरी र विश्व खाद्य कार्यक्रमको आर्थिक सहयोग र साझेदारीमा संचालित मौसम पुर्वानुमानमा आधारित अगिम्र विपद् कार्यक्रम अन्तरगत स्थानिय आपतकालिन कार्यसंचालन केन्द्र संचालन गर्नका लागि तत्काल आवश्यक पर्ने ९ लाख बराबरको सामग्रीहरु वितरण गरिएको हो

स्थानिय तहमा सुचनालाई संचालन र व्यवस्थित गर्न, ती गाउँपालिकाहरुमा सामग्रीहरु हस्तान्तरण गरिएको कोशी पीडित समाजका निरदेशक देव नारायाण यादवले जानकारी दिए ।

प्रदान गरिएको साम्रगीमा डेस्क टप १ थान, प्रीन्टर १ थान, एलईडी स्कीन १ थान, ब्याटरी १ थान, स्टेपलाईजर १ थान, ईनभटर १ थान, स्टेचर २ थान, गमबटस ६ थान, हेलमेट ६ थान, लाईफ ज्याकेट ८ थान, टार पलिंग ६ थान लगायतका सामग्री रहेको छ ।

# नगरपालिका कर्मचारीको नयाँ समिति चयन

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन ईकाइ समितिको शुक्रबार सम्पन्न अधिवेशनबाट कल्पना देवको अध्यक्षतमा नयाँ कार्य समिति चयन भएको छ ।

नवगठित इकाई समितिको उपाध्यक्षमा चन्दन कुमार गुप्ता, सचिवमा घगन बुढाथोकि, कोषाध्यक्षमा जयराम यादव, सहसचिवमा रविन्द्र कुमार साह सर्वसम्मतबाट चयन भएको जनाइएको छ ।

त्यसैगरि सदस्यदयमा विजय मेहतर, गुरुदेव हरिजन, विजिता भट्टराई, संजिव यादव, ज्योतिश यादव, सुरेश कुमार यादव, शिला कर्ण, विजय कुमार देव, टंकज कुमार देव, मुकेश पाण्डे, श्याम कुमार दास, संतोष दास, शिव विलाश यादव, रविन्द्र कुमार यादव सर्वसम्मतबाट चयन भएका छन् ।

सो समितिको सल्लाकारहरुमा लक्ष्मण साह सोनार, शत्रुधनलाल दास, मो. आलम खान, रामकुमार यादव, श्याम कुमार पण्डित, अशोक कुमार दास र केवल दास रहेका छन् ।

ईकाई समितिका कार्यवाहक अध्यक्ष लक्ष्मण साह सोनारको अध्यक्षता, राजविराज नगरपालिका प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्र प्रसाद यादवको प्रमुख आतिथ्य तथा राजविराज नगरपालिकाकी उपप्रमुख साधना झाको विशिष्ट आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

# शिक्षा, स्वास्थ्य, खाद्य र आवास अधिकारका विषयमा अन्तरक्रिया

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) मधेस प्रदेश जनकपुरधाम कार्यालयको आयोजना र राजविराज नगरस्तरिय मानव अधिकार निगरानी समूहको समकार्यमा राजविराज नगरपालिकामा शिक्षा, स्वास्थ्य, खाद्य र आवासको सवालमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मानव अधिकार संरक्षण र सम्वर्द्धनको लागि राज्यको जवाफदेहिता तथा जनताको सहभागिता अभिवृद्धि कार्यक्रम अन्तर्गत सम्पन्न कार्यक्रममा राजविराज नगरपालिकाका विषयगत शाखाका प्रमुखहरूबाट शिक्षा, स्वास्थ्य, खाद्य र आवासको सवालमा छलफल भएको हो ।

कार्यक्रममा राजविराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोगेन्द्रप्रसाद यादवले विषयवस्तुको प्रगति वा कमीबारे दस्तावेजीकरण गर्न र आधारअंक कायम गरी मिलेर लक्ष्य प्राप्त गर्न आग्रह गरे ।

इन्सेकका सदस्य बैद्यनाथ झाले निगरानी नभएका कारण भएका पूर्वाधारको संरक्षण हुन नसकेको र सुधारको विषय औल्याउँदा समेत जिम्मेवार निकाय आक्रोशित हुने गरेको बताए ।

सो कार्यक्रममा स्वास्थ्य शाखाका संयोजक निरञ्जन यादव, कृषि शाखाका संयोजक हरीप्रसाद यादव, शिक्षा शाखाका संयेजक भगवती वि.क., इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेल, नगर स्तरीय मानव अधिकार निगरानी समूहका अध्यक्ष रघुबर साह लगायतले बोलेका थिए ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता - तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

# राजविराज वडा नं. १ को कार्यालय उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

राजविराज नगरपालिका वडा नं. १ को कार्यालय शुक्रबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ भने सोही कार्यक्रममासँगै जेष्ठ, एकल, अपांग हरूलाई समेत सम्मान गरिएको छ ।

वडा नं. १ का वडा अध्यक्ष चन्द्रशेखर चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राजविराज नगरपालिकाका नगर प्रमुख शम्भु कुमार यादवले वडा कार्यालयको उद्घाटन गरेका हुन् ।

कार्यक्रममा वडा अध्यक्ष चौधरीले आफ्ना पिता स्वर्गीय अमृतलाल चौधरी र माता स्वर्गीय मन्सीदेवी थरुनीको नाममा अक्षयकोष स्थापनाका लागि राजविराज नगरपालिका वडा नं. १ स्थित महालक्ष्मी प्रसाद देवकोटा निम्न माध्यमिक विद्यालयलाई २ लाख ११ हजारको चेक समेत हस्तान्तरण गरे ।

कार्यक्रममा नगर उपप्रमुख साधना झा, प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्र यादव, राजविराज नगरपालिका वडा नं. २ का वडा अध्यक्ष अरुण कुमार यादव, वडा नं. ३ का अध्यक्ष सुदर्शण प्रसाद सिंह, वडा नं. १६ का अध्यक्ष शोभालाल मण्डल, माओवादी केन्द्रका नेता भनालाल यादव, राम अवतार यादव, वडा सदस्य खेलानन्द यादव लगायतले शुभकामना मन्तव्य दिएका थिए ।

# गभर्नर अधिकारी निलम्बित

काठमाडौं, २५ चैत (रासस) ।

सरकारले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई केन्द्रीय बैंकको उद्देश्यअनुसार तोकिएको जिम्मेवारी पूरा नगरेको भन्दै निलम्बन गरेको छ ।

गभर्नर अधिकारीलाई शुक्रबार निलम्बनको पत्र बुझाएर अर्थमन्त्रालयले डेपुटी गभर्नर नीलम ढुङ्गानालाई निमित्त गभर्नरको जिम्मेवारी तोकेको हो । मन्त्रिपरिषद्को बिहीबारको बैठकले राष्ट्र बैंकको संवेदनशील सूचना चुहाएकाले गभर्नर अधिकारीमाथि छानबिन गर्ने निर्णय गरेसँगै उहाँ स्वतः निलम्बनमा पर्नुभएको मन्त्रिपरिषद्का एकजना सदस्यले राससलाई बताउनुभयो । सर्वोच्च अदालतका पूर्व न्यायाधीश पुरुषोत्तम भण्डारीको संयोजकत्वमा तीन सदस्यी जाँचबुझ समिति गठन भइसकेको उहाँले बताउनुभयो ।

राष्ट्र बैंकका एकजना उच्च अधिकारीले पनि गभर्नर अधिकारी निलम्बनमा पर्नुभएको र उहाँको जिम्मेवारी डेपुटी गभर्नर ढुंगानालाई दिइएको पुष्टि गरेका छन् ।


**सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।**

- आफुले प्रयोग गर्ने मोबाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधै लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*